# १३५ औं कार्यपालिका बैठकका निर्णयहरू:

मिति : २०७९/०९/१३ गते

**निर्णय नं. १:** १३४ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन अवस्थाको समिक्षा गरियो।

**निर्णय नं. २:** निर्माणाधिन फोहोरमैला व्यवस्थापन केन्द्रका सम्वन्धमा कृष्ण सामुदायिक वन उपभोक्ता समूहका मागहरुको विषयमा देहाय बमोजिम गर्ने ।

क) डिप ट्युवेल, तटवन्ध, ईको पार्क र पिकेट जाली सम्बन्धि क्रमशः माग न. ४, ६, ७ र १२ लाई शहरी विकास आयोजनाको सहकार्यमा यथासिघ्र संचालन गर्ने र थप सहयोगको लागि प्रदेश सरकारलाई लेखि पठाउने ।

ख) निर्माणाधिन फोहोरमैला व्यवस्थापन केन्दबाट प्राप्त हुने प्रतिफल तथा अवसरहरुमा श्री कृष्ण सामुदायिक वनका उपभोक्ताहरु र प्राभावित क्षेत्रको अग्राधिकार रहने व्यवस्था गर्ने ।

ग) अन्य मागहरु सम्बन्धी नगरपालिकाबाट योजना तर्जुमा गरि संघ, प्रदेशका सम्बन्धित मन्त्रालय तथा निकायहरुमा लेखि पठाउने।

**निर्णय नं. ३:** चालु आ. व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रममा योजना परिवर्तन तथा रकमान्तर गर्न आवश्यक भए सम्बन्धित शाखा/वडा/समितिले निर्णय गरि आगामि कार्यपालिका बैठकमा पेश गर्ने ।

**निर्णय नं. ४:** प्रत्येक वडा समितिले आफ्नो वडा अन्तरगतको नगर चक्रपथ सडक खण्डहरु निर्धारण गर्ने सम्बन्धमा देहायका आधारहरुमा निर्णय गरि नगरपालिकामा पठाउने ।

क) सडक मापदण्ड कायम गर्न सम्भव भए/नभएको मूल्याङ्कन गर्ने

ख) आफ्नो सिमा जोडिएको वडाको चक्रपथ खण्ड संग जोडिने गरि आफ्नो वडाको चक्रपथ खण्ड एकिन गर्ने ।

ग) चक्रपथ खण्ड एकिन गर्दा सुरुको विन्दु, अन्तिम बिन्दु र विचमा पर्ने चोक/वजार/टोल उल्लेख गरि स्पष्टता कायम गर्ने।

घ) अन्य उपयुक्त आधारहरु।

**निर्णय नं. ४:** मिति २०७९/०९/२२ गते बस्ने शुक्लाफाँटा नगरपालिकाको नगरसभाका प्रस्तावहरुको मस्यौदा ३ दिन भित्र सबै शाखा तथा वडाहरुसंग समन्वय गरी तयार गर्न बैठक शाखालाई जिम्मेवारी दिने ।

**निर्णय नं. ५:** शिक्षा ऐन, २०२८ को दफा ११ट. को (ख) बमोजिम नगर शिक्षा समितिमा देहाय बमोजिमका सदस्यहरु मनोनयन गर्ने ।

क) श्री शेर बहादुर साउद

ख) श्री शान्ती ऐर

**निर्णय नं. ६:** १३४ औं कार्यपालिका बैठकबाट स्वीकृत शुक्लाफाँटा नगरपालिकाको दिर्घकालिन शहरी विकास योजना प्रतिवेदन (२०२२-२०४३) मिति २०७९/०९/२२ गते बस्ने नगर सभामा पेश गर्ने ।

निर्णय प्रमाणित

२०७९/९/१२